श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**फैसला**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.२८/५४(हातहतियार)

दर्ता मिति :– **२०७०/०५/०४**

मुद्दा :– **हातहतियार खरखजाना ।**

निर्णय नं.४८८, मिति :– **२०७१/०५/११**

| वादी | प्रतिवादी |
| --- | --- |
| प्रहरी प्रतिवेदन जाहेरीले<br>**नेपाल सरकार**.......... .........१ | जिल्ला ओखलढुङ्गा, गामनाङटार गा.वि.स. वडा नं. ८ बस्ने सोमबहादुर खत्रीको छोरा बर्ष २८ को हरी खत्री........................................ .१ |
| निजको प्रमाण.................................. | निजको प्रमाण .................................................................. |
| साक्षी............................................ | साक्षी ........................................................................... |
| कागज........................................... | कागज ........................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः- प्रतिवादीका साक्षी निवृत्त नेपाली सेना वेदबहादुर बस्नेत

कागजःनेपाली सेना सै.प्र.गण,भद्रकाली,काठमाण्डौ ।

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. का.जि.,का.म.न.पा.वडा नं.४ सुकेधार स्थित राजधानी पेट्रोल पम्प अगाडि सार्वजनिक सडक खण्डमा संकास्पद अवस्थामा बसेका दुई जना एकआपसमा हतियार किनवेच गर्ने बारे कुराकानी गरी राखेको अवस्थामा फेला पारी निजहरुलाई नियन्त्रणमा लिई सोधपुछ गरी चेकजाँच गर्दा हरी खत्रीको साथमा बोकेको प्लाष्टिकको रातो झोला भित्र कागजले बेरिएको काठको पेस्तोल ग्रिप,कालो रंगको व्यारल Hawk Series लेखिएको ९ इन्च लामो नालको भाग फोल्ड हुने स्वरुप परिवर्तन गरेको पेस्तोल नाल १ फेला परेको हुदा निज हरी खत्री र साथै रहेका दुर्गाबहादुर खड्कालाई पक्राउ गरी हातहतियार खरखजना मुद्दामा कारवाहीको लागि पेश गरिएको भन्ने समेत व्यहोराको मिति २०७०।४।१३ गतेको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. का.जि.,का.म.न.पा.वडा नं.४ सुकेधार स्थित राजधानी पेट्रोल पम्प अगाडि सार्वजनिक सडक खण्डमा संकास्पद अवस्थामा बसेका दुई जना एकआपसमा हतियार किनवेच गर्ने बारे कुराकानी गरी राखेको अवस्थामा फेला पारी निजहरुलाई नियन्त्रणमा लिई सोधपुछ गरी चेकजाँच गर्दा हरी खत्रीको साथमा बोकेको प्लाष्टिकको रातो झोला भित्र कागजले बेरिएको काठको पेस्तोल ग्रिप,कालो रंगको व्यारल Hawk Series लेखिएको ९ इन्च लामो नालको भाग फोल्ड हुने स्वरुप परिवर्तन गरेको पेस्तोल नाल १ फेला परेको हुदा निज हरी खत्री र साथै रहेका दुर्गाबहादुर खड्कालाई पक्राउ परी सो हतियार ओसारपसारको योजनामा निज दुर्गाबहादुर खड्काको समेत संलग्नता रहेकोले कारवाहीका लागि सैनिक प्रहरी गणमा कारवाहीको लागि पठाइएको पत्र ।

३. मिति २०७०।४।१३ गते दिउसो १७.४५ बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.४ सुकेधारा स्थित राजधानी पेट्रोल पम्प अगाडि खाजा खाई रहेको अवस्थामा धोवी खोला अगाडि मानिसहरु हो हल्ला गरी रहेको देखी

हेर्न जादा हरी खत्री र दुर्गाबहादुर खड्काहरुको साथबाट पेस्तोल एक नाल फेला पारी प्रहरीले निजहरुलाई पक्राउ गरी लगेको हो भन्ने समेत एकै व्यहोराको महेन्द्र कुवर र राजु श्रेष्ठको छुट्टाछुट्टै कागज ।

४. साथी दुर्गाबहादुर खड्काले फोन गरी भेट्न आउ भनेको हुदा म मिति २०७०।४।१३ गते दिउसो का.जि.का.म.न.पा.वडा नं.४ सुकेधारा स्थित राजधानी पेट्रोल पम्प अगाडि आई साथी दुर्गाबहादुर खड्कालाई भेटेको र भेट्नसाथ निजले बोकेको रातो रंगको प्लाष्टिक मलाई बोक्न दिई दुइ चार कदम अगाडि बढ्नासाथ सादा पोसाकमा आएका प्रहरी आई हामीलाई पक्राउ गरी चेकजाँच गर्दा मैले बोकेको प्लाष्टिकबाट काठको पेस्तोल ग्रिप,कालो रंगको व्यारल नाल १ फेला परेकोले प्रहरीले हामीहरुलाई पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको **प्रतिवादी हर खत्रीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।**

५. The Article No.1 is an air gun [air pistol] through which specially made slug can be pushed through the barrel by the action of compressed air.Under the present condition its action mechanism in not in working order. भन्ने समेत व्यहोराको के.प्र.वि.वि.को परीक्षण प्रतिवेदन ।

६. संकलित कागज प्रमाणहरुबाट का.जि.,का.म.न.पा.वडा नं.४ सुकेधार स्थित राजधानी पेट्रोल पम्प अगाडि सार्वजनिक सडक खण्डमा संकास्पद अवस्थामा बसेका दुई जना एकआपसमा हतियार किनवेच गर्ने बारे कुराकानी गरी राखेको अवस्थामा फेला पारी निजहरुलाई नियन्त्रणमा लिई सोधपुछ गरी चेकजाँच गर्दा हरी खत्रीको साथमा बोकेको प्लाष्टिकको रातो झोला भित्र कागजले बेरिएको काठको पेस्तोल ग्रिप,कालो रंगको व्यारल Hawk Series लेखिएको ९ इन्च लामो नालको भाग फोल्ड हुने स्वरुप परिवर्तन गरेको पेस्तोल नाल १ फेला परेको हुदा निज हरी खत्री र साथै रहेका दुर्गाबहादुर खड्कालाई पक्राउ परेको र हरी खत्रीले उक्त प्लाष्टिक दुर्गाबहादुर खड्काले मलाई बोक्न दिई, दुइ चार कदम हिड्ने वित्तिकै सादा पोसाकका प्रहरीले पक्राउ गरेको भनी साविती वयना दिएको देखिदा प्रतिवादी हरी खत्रीले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३ (२) र ५(१) विपरित कसूर अपराध गरेको निज प्रतिवादी हरी खत्रीलाई सोही ऐनको दफा २० को उपदफा(२) बमोजिम सजाय हुन र वरामद भएको पेस्तोल नाल एक ऐ.ऐनको दफा १६ बमोजिम जफत हुन तथा वारदातमा संलग्न रही पक्राउ परेका दुर्गाबहादुर खड्का सैनिक रहेको हुदा निज उपर सैनिक ऐन अन्तरगत कारवाहीका लागि श्री सैनिक प्रहरी गण भद्रकाली काठमाण्डौमा पठाई सकेको भन्ने मिसिल संलग्न पत्र र प्रस्तावित राय पत्रमा उल्लेख भएको देखिदा निज उपर दावी लिइएको छैन भन्ने समेत मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

७. दुर्गाबहादुर खड्कासँग मैले रु ३०००।- लिनु थियो । निजले पटक/पटक फोन गर्दा समेत विभिन्न वाहाना गरी पैसा नदिने गरेको र भेट पनि नगर्ने गरेकोमा सो दिन निज आफैले फोन गरी वोलाएकोले पैसा दिन होला भनी गएकोमा गोपीकृष्ण हल नजिकै राजधानी पेट्रोल पम्प नजिकै भेट भयो । मेरो साथीहरु आएका छन् । यो झोला तपाइले बोक्नु होस् उता जाउ भनी एउटा प्लाष्टिकको झोला दिए । सो झोला मैले लिनासाथ त्यहा सादा पोसाकका प्रहरीहरु रहेछन् । निजहरुले पक्राउ गरी नेपाल यातायातको बसमा चढाएर महाराजगन्ज प्रहरी बृत्तमा ल्याएर निजहरुले नै खोली हेर्दा त्याहा पेस्तोल भएको भनी देखाएका हुन । मैले जानी जानी पेस्तोल बोकेको हैन । पैसा दिनु पर्ने व्यक्ति निज दुर्गाबहादुरले पैसा नदिई उल्टै फसाई दिए अभियोगबाट सफाई पाउ भन्ने समेत व्यहोराको प्रतिवादी हरी खत्रीले यस कार्यालयमा गरेको वयान ।

६. यसमा यी प्रतिवादी हरी खत्रीले वयान गर्दा दुर्गाबहादुर खड्काले बोक्न दिएको झोला बोकी हिड्ने वित्तिकै पक्राउ गरी महाराजगन्ज प्रहरी बृत्तमा लगि झोलाको सामान प्रहरीले नै खोली हेर्दा पेस्तोल रहेछ भनी देखाएका हुन, मैले हतियार हो भनी जानी बोकेको हैन, निज दुर्गाबहादुर खड्कासँग रु ३०००।- लिनु थियो सोही कारण फसाएको हुनु पर्छ भनी भनेको र सोही व्यहोरा अधिकार प्राप्त अधिकारी समक्ष समेत वयानमा लेखाएको देखिदा पछि ठहरे बमोजिम हुने गरी हाललाई मु.ऐ.अ.वं.११८ को देहाय ५ नं. बमोजिम रु ८७५००( नगदै वा सो वरावरको जेथा जमानत लिई तारेखमा राख्नु । दिन नसके सोही नं.को देहाय ८ बमोजिम थुनमा राख्नु भन्ने समेत मिति २०६९।०५।०७ मा यस कार्यालयबाट भएको थुनछेक आदेश ।

७. प्रतिवादी हरी खत्री अवैध हातहतियार खरखजना साथमा लिई हिड्ने,विक्री गर्ने खालका व्यक्ति होइनन् । अभियोग पत्रमा उल्लेख भएका दुर्गा बहादुर खड्कासँग प्रतिवादी हरी खत्रीले रकम लिनु पर्ने रहेछ । उक्त रकम लिनको लागि निजलाई गोपिकृष्ण हल नजिक वोलाई एकछिन यो झोला पकड्नु भनी दिएको र तत्काल प्रहरी आई तलासी लिदा उक्त झोलामा वरामदी मुचुल्कामा उल्लेखित हतियार वरामद भएको कुरा निज हरी खत्रीले

भने बमोजिम थाहा पाएको हुँ । अतयवः प्रतिवादी हरी खत्रीलाई सुनियोजित रुपले फसाइएको र उक्त कसूरमा निज निर्दोष भएकाले अभियोग पत्रको मागदावी अनुसार निजलाई सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको हरी खत्रीका साक्षी वेदबहादुर बस्नेतले यस कार्यालयमा मिति ३०७०।१०।१३ मा गरेको वकपत्र ।

८. प्रतिवादी हरी खत्रीसँगबाट वरामद भएको पेस्तोल नेपाली सेनाका दुर्गाबहादुर खड्काले झोला बोक्न दिए लगतै पक्राउ परेको र दुर्गाबहादुर खड्कालाई कारवाहीको लागि श्री नेपाली सेना सैनिक प्रहरी गण,भद्रकालीमा पठाइएको अभियोग पत्रमा उल्लेख भए अनुसार उक्त गणमा प्रस्तुत मुद्दाका सम्वन्धमा आवश्यक कागजातरु उपलव्ध गराई दिन लेखी पठाइएकोमा सो गणको मिति २०७१।५।६ को पत्रबाट निज दुर्गाबहादुर खड्का समेतलाई कारवाही गरिएको जानकारी प्राप्त भएको ।

<u>यस कार्यालयको ठहर</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट विद्वान जिल्ला न्यायाधिवक्ता कृष्णजंग शाहले गर्नु भएको बहस सुनियो । मिति २०७०।४।१३ गते वेलुका अं.१७.४५ बजे का.जि. का.म.न.पा.४ सुकेधारा स्थित राजधानी पेट्रोल पम्प अगाडि सडक खण्डमा दुर्गाबहादुर खड्का र हरी खत्रीलाई प्रहरीले फेला पारी शरिर खानतलासी गर्दा हरी खत्रीको साथबाट Hawk Series लेखिएको पेस्तोल थान १, फेला परेकोले निज प्रतिवादी हरी खत्रीलाई **हातहतियार खरखजाना ऐन,**२०१९ को दफा ३(२) र ५(१) को कसूरमा ऐ.दफा २०(२) बमोजिम सजाय गरी वरामद पेस्तोल ऐ.दफा १६ वमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ । यसमा प्रतिवादी हरी खत्रीले अभियोग दावी बमोजिम कसूर गरेका हुन होइनन् , गरेका भए निजलाई के कस्तो सजाय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो

मिसिल संलग्न कागजात अध्ययन गरी अवः निर्णय तर्फ विचार गर्दाः-

मिति २०७०/४/१३ गते वेलुका अं.१७.४५ बजे काठमाण्डौ-४ सुकेधारा स्थित राजधानी पेट्रोल पम्प अगाडि सडक खण्डमा दुर्गाबहादुर खड्का र हरी खत्रीलाई शंकास्पद अवस्थामा प्रहरीले फेला पारी शरिर खानतलासी गर्दा Hawk Series लेखिएको पेस्तोल थान १ वरामद भएको भन्ने खानतलासी तथा वरामदी मुचुल्कामा दुर्गाबहादुर खड्का र हरी खत्रीले सनाखत गरेको देखिन्छ ।

प्रस्तुत वारदातमा संलग्न अर्का व्यक्ति दुर्गाबहादुर खड्का श्री ई.ओ.डि.होल्डिङ युनिटका व्य.नं.२००३३४ प्युठ दर्जाका कर्मचारी भएको हुदा श्री सैनिक प्रहरी गण भद्रकाली काठमाण्डौमाा आवश्यक कारवाहीका लागि महानगरीय प्रहरी वृत्त महाराजगन्जले पठाएको मिसिलबाट देखिन आयो । वरामद भएको उक्त पेस्तोल केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट परीक्षण भै आउदा Its action mechanism is not working order Home Made भनी उल्लेख भै आएको । प्रतिवादी हरी खत्रीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानमा दुर्गाबहादुर खड्काले फोन गरी का.म.न.पा.४ राजधानी पेट्रोल पम्प अगाडि वोलाएकोले मैले निजबाट रु ३०००।- सापटी फिर्ता पाउनु पर्ने थियो सायद त्यही पैसा तिर्न वोलाएका होलान भनी उक्त स्थानमा पुग्दा निजले मलाई प्लाष्टिकको झोला थमाई दिई २/४ कदम अगाडि बढ्न खोज्दा सादा पोसाकमा आएका प्रहरीले पक्राउ गरेको निज दुर्गाबहादुर खड्काले उक्त पेस्तोल कहाँबाट ल्याएका हुन । निजले उक्त झोला समात्न दिदा पेस्तोल छ भनी वताएका पनि थिएनन् भनि कसूरमा इन्कार रही वयान गरेको साथै यस कार्यालयमा निज प्र.हरी खत्रीले निज दुर्गाबहादुर खड्काले नै सोही दिन फोन गरी राजधानी पेट्रोल पम्प अगाडि वोलाई सापटी वापतको उक्त रकम लिन भनी गएको थिए । उक्त स्थानमा पुग्नासाथ निज दुर्गाबहादुर खड्काले प्लास्टिकको झोला समात्न लगाए पश्चात सादा पोसाकमा आएका प्रहरीहरुले म समेतलाई पक्राउ गरेको हो भनी अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानलाई समर्थित हुने गरी

कसूरमा इन्कारी वयान गरेको देखिन्छ । यस कार्यालयबाट मिति २०७०।५।७ गते भएको आदेशले पछि ठहरे बमोजिम हुने गरी रु ८७५००।- (सतासी हजार पाँच सय ) धरौटी माँग भई यी प्रतिवादी तोरखमा रहेको देखिन्छ ।

अर्को तर्फ वारदातमा संलग्न रहेको नेपाली सेनाका सैनिक दुर्गाबहादुर खड्कालाई आवश्यक कारवाहीको लागि सैनिक गण, भद्रकाली काठमाण्डौमा पठाइएकोमा निजले सैनिक अदालतमा वरामद भएको उक्त पेस्तोल अर्का सैनिक अमलदार कृष्णहरी के.सी.सँग रु ८०००।- मा खरिद गरेको र मइकल चौलागाई भन्ने व्यक्तिलाई रु १५०००।- विक्री गर्ने भनी जादा भेट्ने भनिएको ठाउमा माइकल चौलागाईलाई उक्त पेस्तोल दिनु भन्दा पहिले हतियार सहितको झोला हरी खत्रीलाई समात्न दिएको र तत्काल सादा पोसाकका प्रहरीलाई पक्राउ गरेको भनी कसूरमा सावित रही वयान गरेको र दुर्गाबहादुर खड्कालाई सैनिक ऐन,२०६३ को दफा ५२ नं.को कसूरमा सोही ऐनको दफा १०१ बमोजिम मिति २०७०।७।११बाट लागू हुने गरी १(एक) तह दर्जा घटुवा गर्ने फैसला भएको सैनिक प्रहरी गण जंगी अड्डा,काठमाण्डौबाट मिति २०७०।७।११ गतेको फैसलामा देखिन्छ । अतः यी माथि विवेचना गरिएका कागजात प्रमाणहरुका आधारमा यी प्रतिवादीले अभियोग दावी वमोजिम कसूर अपराध गरेको भन्ने तथ्य स्वतन्त्र प्रमाणहरु पुष्टि हुन नसकेकोले प्रतिवादी हरी खत्रीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । वारदातमा संलग्न दुर्गाबहादुर खड्का सैनिक ऐन,२०६३ बमोजिम कसूरदार ठहराई सजाय समेत भै सकेको देखिदा वरामद भएको पेस्तोल हातहतियार खरखजना ऐन,२०१९ को दफा १६ बमोजिम जफत हुन्छ । अरुमा नियमानुसार गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएको छ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी हरी खत्रीले सफाई पाउने ठहरेकोले निजले मुद्दा पूर्पक्षका लागि मिति २०७०।५।११ मा र.नं. ४७६ बाट राखेको धरौटी रकम रु ८७,०००/- फिर्ता पाँउ भनी ऐनका म्याद भित्र निवेदन दिए प्रस्तुत मुद्दाको अन्तिम किनारा लागे पछि वा पुनरावेदन अवधी नाघे पछि फिर्ता दिनु ........................................................................................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.........................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी दिनु.......................................................... ३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ...४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .......................................................................५

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भएबमोजिम लेख्ने
ना.सु.परशुराम थापा

..................................
(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल भाद्र ११ गते रोज ४ शुभम् .......................................